साँगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

प.सं. २०७६/०७७

प्रदेश नं. १, नेपाल
Province No. 1, Nepal

## “माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन” सम्बन्धी कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

**पहिलो पटक प्रकाशित मिति २०७६/१०/२७**

प्रस्तुत विषयमा आ.व. २०७६/०७७ मा सशर्त अनुदान तर्फ विनियोजित बजेटबाट यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक माध्यमिक विद्यालयहरुमा **माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन** कार्यक्रमको लागि सामुदायिक माध्यमिक विद्यालयहरु छनौट गर्नुपर्ने भएकोले यस गाउँपालिका भित्र सञ्चालित इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरुबाट प्रस्ताव माग गर्ने निर्णय भए बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा देहाय बमोजिमको शर्त पालन गर्ने गरी निम्नानुसारको आवश्यक कागजात सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

निम्न :

१. विद्यालय छनौट गर्दा देहायका आधारमा विद्यालयको प्राथमिकता तय गरी विद्यालय छनौट गरिनेछ ।

- प्रस्ताव पेश गर्ने विद्यालयमा लाइव्रेरी नभएको र गत आ.व.मा लाईव्रेरी व्यवस्थापन अनुदान प्राप्त नगरेको माध्यमिक विद्यालयहरु ।
- विद्यालयको माध्यमिक तहमा विद्यार्थी संख्या उच्च रहेको हुनु पर्ने र लाइव्रेरी व्यवस्थापनको लागि आवश्यक कक्षा कोठाहरु रहेको विद्यालयहरु ।

३.छनौट भएको विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ रु ६,५०,०००।०० (अक्षरेपी छ लाख पचास हजार रुपैया) अनुदान उपलब्ध गराइनेछ ।

४. यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको दैनिक पठन पाठन सँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामाग्रीहरु खरिद गर्न पाइने छैन ।

४.प्रस्ताव पेश गर्दा गत आ.व. २०७४/०७५ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी समेत पेश गर्नुपर्ने छ ।

(सूर्यबहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत